# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ९ असार २०७७

# मङ्गलबार

# (बैठक सङ्ख्या-३०)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा मङ्गलबार बिहानको ११:१५ बजे प्रारम्भ भयो ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्नको लागि समय उपलब्ध गराउँदछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

**<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, सुशासन भाषणमा मात्र हो कि व्यवहारमा पनि हो ? महिला हिंसा रोकिएन । लकडाउनकै अवधिमा २७४ बलात्कारका घटनाहरू भए ६२ वटा घटनामा भएका बलात्कार गर्न खोजिए ३५ वटा घटनामा बालबालिकाहरू यौन शोषणको शिकार बन्न पुगे । तसर्थ क्वारेन्टाइनमा महिलाहरूको विशेष सुरक्षाको प्रत्याभूति होस् । WHO को मापदण्ड अनुसार क्वारेन्टाइन निर्माण गरियोस् र

पीडितलाई न्याय दिनको लागि फास्ट ट्र्याकमा फैसला गर्ने वातावरण शीघ्र गर्नको लागि म सरकारसँग माग गर्दछु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय उदया शर्मा (पौडेल) ।

**<u>माननीय श्री उदया शर्मा (पौडेल) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्षज्यू, हाम्रो संविधानको धारा ९ को उपधारा (२) अनुसूची-३ मा रहेको नेपालको निशान छापलाई संघीय संसदको दुवै सदनबाट सर्वसम्मत संशोधन गरी पारित भएको र सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेकोमा हामी सबै गौरावान्वित छौँ । सम्माननीय अध्यक्षज्यू, नेपालको नक्सा संशोधन भई नापी विभागबाट बिक्री वितरण भइसकेको अवस्थामा पनि केही कार्यालयहरूमा पुरानै नक्सा झुण्याइएको र टेलिभिजनका केही च्यानलहरूले गीत वा विज्ञापनमा पनि पुरानै नक्सा देखाउने गरेकोमा मेरो घोर आपत्ति छ । यसतर्फ नेपाल सरकार सम्बन्धित निकायको ध्यान अविलम्ब पुगोस् भन्ने अध्यक्षज्यू मार्फत् ध्यान आकर्षण गराउँछु धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय कविता बोगटी ।

**<u>माननीय श्री कविता बोगटी (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, कर्णाली प्रदेशका विकट जिल्लाहरूमा जिल्ला खाद्य संस्थान जिल्ला र गाउँमा स्थापना भएका खाद्य डिपोहरूमा खाद्यान्न ढुवानी व्यवस्थित बनाउनु पर्ने र विगतमाभन्दा खाद्यको कोटा बढाउनु पर्ने छ । त्यस्तैगरि सदरमुकामबाट टाढा गाउँमा रहेका खाद्य डिपोहरूमा ठेक्कापट्टाको माध्यमबाट खाद्यान्न ढुवानीको गर्ने प्रकृया भएकोमा ठेकेदारहरूले खाद्यान्न समयमा ढुवानी नगर्ने, गरेमा पनि तोकिएको परिणाममा खाद्यान्न ढुवानी नगरी कर्मचारीसँग मिलेमोतो गरेर कागज मिलाउने परम्परा रहेकोले जनताले भोकमरीको बेलामा खाद्यान्न नपाउने खालको अवस्था रहेको छ । त्यसो भएको हुनाले खाद्य संस्थानबाटै सिधै खाद्यान्न चाहिँ सम्बन्धित ठाउँमा पुऱ्याउने व्यवस्था गर्नु पऱ्यो । त्यस्तैगरि कर्मचारीको पनि व्यवस्था गर्नु पऱ्यो । ठाउँठाउँमा कर्मचारीको व्यवस्था गर्नु पर्ने र खाद्यान्नको परिणाम पनि बढाउनु पर्ने कुरा म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय कोमल वली ।

**माननीय श्री कोमल वली (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामी डिजिटल वर्ल्डमा सक्रिय छौँ । डिजिटल Software का माध्यमबाट हामी भर्चुअल कन्फ्रेन्स, मिटिङ, क्लासहरू सञ्चालन गरिरहेका छौँ । तर अहिले जुम लगायतका विभिन्न Software मा सुरक्षाको प्रश्न उठिरहेको छ । राष्ट्रिय सूचना केन्द्रका अनुसार सरकारले आफैले सोर्स कोर्ड प्रयोग गरेर निर्माण गर्ने गरेको भिडियो कन्फ्रेन्स टुल पनि तयार छ । र आफ्नै Software सरकारसँग रहेको यस अवस्थामा हामीले अन्य Software हरू प्रयोग गर्नुभन्दा सरकारी Software नै प्रयोग गर्नु पर्छ भन्ने मलाई लाग्छ र त्यो Software पनि करिब २ सय जनाले एकै पटक त्यसमा कुराकानी गर्न सक्ने, मिटिङ्ग गर्न सक्ने कन्फ्रेन्स गर्न मिल्ने भएको हुनाले सरकारी क्लाउडबाट यो सुविधा लिन सकिन्छ र अरु किन प्रयोग गर्ने ? यसतर्फ म सरकारको ध्यान आकर्षण गराउँन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय चक्र प्रसाद स्नेही ।

**माननीय श्री चक्र प्रसाद स्नेही (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्षज्यू, जेठ १० गते पश्चिम रुकुमको चौरजहारीमा जो विभत्स मानव संहार भएको थियो त्यो मानव संहारको डाक्टर रिपोर्ट पोष्टमार्टमको रिपोर्टले ती मान्छेहरू नदीमा बगेर मरेका हुन् भन्ने जुन रिपोर्ट आयो म यो रिपोर्टप्रति र डाक्टरप्रति खेद प्रकट गर्न चाहन्छु । म प्रश्न पनि गर्न चाहन्छु यदि पानीमा बगेर मात्र मर्ने हो भने कसरी खुट्टा भाँच्चियो ? कसरी हात भाँच्चियो ? कसरी ढाड भाँच्चियो ? र कसरी टाउको फुट्यो ? म प्रश्न गर्न चाहन्छु । यति बेला सरकारले जो छानबिन समिति गठन गर्‍यो त्यो छानबिन समितिले प्रतिवेदनमा उल्लेख गरेको छ त्यहाँको अध्यक्ष वार्डको वडा अध्यक्ष डम्बर मल्लले सुनियोजित ढङ्गबाट त्यो घटना घटाएको र सुरक्षाकर्मीहरूलाई पनि गलत सूचना दिएर भ्रमित पारेको त्यो रिपोर्टमा आएको हुँदा तत्काल सरकारले ...... (समय सकिएकोले माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय तारा देवी भट्ट ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, COVID–19 को महामारी दिनानुदिन बढ्दै गइरहेको सर्वविदितै छ । सरकार पनि यस बारे अनविज्ञ छैन COVID–19 मा खर्च भएको सरकारले हिसाब दिइरहेको अवस्थामा स्थानीय तहको गुनासो छ कि संघ र प्रदेश सरकारले सहयोग नै गरेन । हाम्रो बजेटले धान्दैन भनेर बारम्बार भन्दै आइरहेको छ । स्वास्थ्य मन्त्रालय हामीले पनि यी कुराहरू भन्दै आइरहँदा पनि व्यवस्थापन नहुँदा सरकारको ध्यान तिर छ, सम्माननीयज्यू मार्फत् प्रश्न गर्न चाहन्छु । सुदूर पश्चिमको क्वारेन्टाइनमा बसेका महिलामाथिको जघन्य अपराधको कारबाही कहाँसम्म पुग्यो । यस्तै घटना देशभरि हुँदैछन् । रक्षक नै भक्षक हुँदा सरकार सकृय होस् भन्ने कुरा सम्माननीयज्यू मार्फत् माग गर्न चाहन्छु । COVID–19 ले मृत्यु भएको मानिसलाई अर्कै विमारले मरेको हो भन्ने भनी प्रस्तुत हुँदैछ । समयमा जाँच नहुँदा यी दुर्घटनाहरू भइरहेका छन् । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीयहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँदछु ।

माननीय डा. वेदुराम भुसाल समय १२ मिनेट । यसपछि माननीय प्रकाश पन्थ ।

**माननीय डा. वेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाको एउटा समितिले पारित गरेको र प्रतिनिधि सभामा प्रस्तुत भएको एउटा विधेयकको सम्बन्धमा यो सभामा चर्चा भएको छ । केही विषयहरू प्रस्तुत भएका छन् केही अभिव्यक्तिहरू प्रस्तुत भएका छन् र कतिपय अभिव्यक्तिहरू आपत्तिजनक पनि छन् । त्यसैले म त्यसै सवालमा केही प्रश्नहरू र केही आफ्ना धारणाहरू राख्न चाहन्छु । सबैभन्दा पहिले त म सम्बद्ध पार्टी नेपाल कम्युनिष्ट पार्टीप्रति इङ्गित गर्दै असंवैधानिक काम गरेको भन्ने आरोप लगाइएको छ । त्यतिमात्रै होइन सांस्कृतिक आक्रमण भएको छ भनेर आरोप लगाइएको छ । परराष्ट्र सम्बन्धको जग भत्काउने काम हो भनेर भनिएको छ । त्यसैगरिकन भारतसँगको सम्बन्धलाई कटअफ गर्ने भनेर भनिएको छ । चीनको झोलामा नेपाललाई लैजाने भनेर भनेर भनिएको छ । मण्डले राष्ट्रवाद समेत पनि भनिएको छ । राजनीतिक दुर्घटना हुनेछ भनेर केही धम्कीको भाषा पनि प्रस्तुत गरिएको छ । मुलुकमा आगो लगाउने काम हो भनेर पनि भनिएको छ । मलाई लाग्छ यी निराधार तर्कहरू गरिएको छ । गैरराजनीतिक तर्कहरू गरिएको छ । गैरजिम्मेवार तर्कहरू गरिएको छ र धम्कीपूर्ण भाषा प्रयोग गरिएको छ । यस खालको भाषा प्रयोग गर्ने, चीनको झोलामा नेपाललाई हाल्न खोजिएको छ भन्ने जस्ता गैरसंवैधानिक,

गैरराजनीतिक र अनुचित खालका शब्दहरू समेत प्रयोग गर्ने जुन तरिका अवलम्बन गरिएको छ । त्यसप्रति म सर्वप्रथम आपत्ति गर्न चाहन्छु । मेरो आपत्ति छ खालको अभिव्यक्तिका निम्ति जहाँसम्म संविधान विपरीतको काम हो कि होइन ? भन्ने कुरा म यो हाम्रो संविधानको धारा ११ को (६) पढेर सुनाउन चाहन्छु अध्यक्ष महोदय । त्यसले के भन्छ भने नेपाली नागरिकसँग बैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने छ । यदि कसैले पनि नेपालको अङ्गीकृत नागरिकता लिन चाहने हो भने त्यसमा निम्ति यो संविधानले संघीय कानून बनाउनका निम्ति सरकारलाई निर्देश गरेको छ, संसदलाई निर्देश गरेको छ संविधानले यस अनुसार कानून बनाउँदाखेरि यस अनुसार यो संविधानको यो धारा अनुसारको कानून संघीय कानून निर्माण गर्दाखेरि संविधान विपरीत काम हुन्छ भने के गर्दा संविधान अनुसार हुन्छ ? म प्रश्न गर्न चाहन्छु । यो कानून बनाउने काम यो संविधान अनुसारको होइन ? आजसम्म यो कानून नबनाएर ती महिलाहरू नेपाली नागरिकसँग बैवाहिक सम्बन्ध कायम गरेका ती महिलाहरूले यो नागरिकता लिनबाट त्यो नागरिकता लिने अवधि छोट्याउनबाट बञ्चित भएका छन् । त्यसकारणका निम्ति यो कानून बनाउने प्रकृया जुन अगाडि बढिरहेको छ । प्रतिनिधि सभाबाट त्यसले यदि त्यो कानून निर्माण सम्पन्न भयो भने यो ढोका खोल्ने छ । नियम कानून नभएका कारणले संविधानको यो प्राबधानलाई कार्यान्वयन गर्नका निम्ति जुन बाधा परिरहेको छ । त्यसलाई त्यो ढोका खोल्ने काम गर्ने छ यो कानून बनाउने कामले । त्यसो गर्दाखेरि यो कानून बनाउँदाखेरि आपत्ति किन हो ? यो कानून बनाउँदखेरि गैरसंवैधानिक काम भनेर भन्ने ठाउँ कहाँ छ ? म जवाफ चाहन्छु । म यसको तर्कबितर्क के हो ? म गर्न चाहन्छु । मेरो दावा के हो भने जसरी अहिले यो नेपाली नागरिकसँग बैवाहिक सम्बन्ध कायम गरेको कुनै पनि महिलालाई अङ्गीकृत नागरिकता प्रदान गर्नका निम्ति संघीय कानून बनाइँदैछ । यो संविधान अनुसार गरिँदैछ र यो राम्रो कुरा हो । त्यसका निम्ति त हामीले धन्यवाद दिनु पर्ने हो तर त्यसको निम्ति आपत्ति प्रकट गरिँदैछ पहिलो कुरा यसमा मेरो आपत्ति छ । संविधान अनुसार काम गर्दाखेरि गैरसंवैधानिक भयो भन्ने जुन अभिव्यक्ति छ त्यसमा मेरो आपत्ति छ ।

दोस्रो कुरा, सांकृतिक आक्रमण भनेर भनिएको छ के भनेको हो सांस्कृतिक आक्रमण भनेको ? अङ्गीकृत नागरिकता प्राप्त हुँदाखेरि त्यो नागरिकले प्राप्त गर्ने भनेको राजनीतिक अधिकार हो । त्यही प्रतिनिधि सभाको जुन समितिले यो विधेयकको प्रकृयालाई अगाडि बढाएको छ । त्यसले भनेको छ हामी स्थायी आवासीय अनुमति पत्र प्रदान गर्नेछौं । त्यो अनुमति पत्रमा आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अधिकारहरू हुनेछन् । राजनीतिक अधिकार बाहेक । नेपालका राजनीतिक संस्थाहरूमा चुन्ने र चुनिने अधिकार बाहेक अरु सबै अधिकार हुनेछन् । त्यस खालको स्थायी आवासीय अनुमति पत्र हामीले प्रदान गर्नेछौं भनेर भनिरहेको छन् । त्यही समितिको त्यो प्राबधानलाई अगाडि बढाइरहेको छ भने कहाँबाट सांस्कृतिक आक्रमण हुन्छ ? सांस्कृतिक सम्बन्ध भनेको राजनीति सम्बन्ध हो भनेर जोड्न खोजिएको हो ? राजनीतिक अधिकार प्राप्त गरेपछि मात्रै सांस्कृतिक सम्बन्ध कायम हुन्छ भन्न खोजिएको हो ? यदि त्यसो

भन्न खोजिएको हो भने त्यो गलत कुरा हो । होइन भने आर्थिक अधिकार समेत पेशा, व्यवसाय गर्ने अधिकार समेत, पढ्ने लेख्ने अधिकार समेत यहाँसम्म कि हामीले जुन राष्ट्रिय परिचय पत्र निर्माण गर्दैछौं त्यो राष्ट्रिय परिचय पत्र निर्माण गर्नका निम्ति पनि त्यो स्थायी आवासीय अनुमति पत्रले काम गर्ने छ भन्ने हिसाबको जुन व्यवस्था गरिँदैछ यसलाई पनि नकारात्मक ढङ्गले हेर्ने र सांस्कृतिक सम्बन्धमाथि हमला भयो भन्ने खालका जुन अभिव्यक्तिहरू छन् यी विल्कुल गलत अभिव्यक्तिहरू हुन् । त्यसै गरिकन भारतसँगको यो हाम्रो परराष्ट्र सम्बन्धको जग भत्काउने भनिएको छ । कसरी जग भत्किन्छ ? हामीले प्रष्ट भनिरहेका छौं हाम्रो परराष्ट्र सम्बन्ध भनेको असंलग्न परराष्ट्र नीतिको परराष्ट्र सम्बन्ध हो । असंलग्न परराष्ट्र नीतिमा आधारित परराष्ट्र सम्बन्ध हो । पञ्चशीलका सिद्धान्तहरूमा आधारित परराष्ट्र सम्बन्ध हो । त्यसलाई यसले कहाँ भत्काएको छ ? त्यसैगरिकन चीनको झोलामा जाने । भारतसँगको सम्बन्धलाई कटअफ गर्ने र चीनको झोलामा जाने, के भन्न खोजिएको हो ? के भारतको झोलामा लान खोजिएको हो त ? हामीले जब समानताको कुरा गरेका छौं । जसरी भारतसँग हाम्रो प्राचीन कालदेखिको सम्बन्ध छ । त्यसैगरिकन चीनसँग पनि प्राचीन कालदेखिको सम्बन्ध छ भन्ने कुरा किन विर्सँदै हुनुहुन्छ र उहाँहरू चीनसँगको कुनै पनि वार्ता कुनै पनि छलफल कुनै पनि बहसलाई किन नकारात्मक ढङ्गले हेर्ने गर्नु हुन्छ उहाँहरू ? के चीनसँग बाहेक भएर बस्न खोजेको हो त्यसो भए ।

म इतिहासको विद्यार्थी हुँ अध्यक्ष महोदय, मलाई थाहा छ । कोदारी राजमार्ग जब बन्दै थियो नेपालमा त्यतिबेला पनि यही कुरा उठाइएको थियो । जब नेपालमा संविधान निर्माण हुँदै थियो । त्यतिबेला पनि यही कुरा उठाइएको थियो । जब नेपालमा नाकाबन्दी भएको थियो त्यतिबेला पनि यही कुरा उठाइएको थियो । आज पनि त्यतै लान खोजिएको हो ? के नेपाल सँधैभरि भारतको चङ्गुलमा बस्नु पर्छ भन्न खोजिएको हो ? यदि त्यसो होइन भने यहाँ समानताको व्यवहारमा कहाँ फरक परेको छ ? हामीले आफ्नो कानून बनाउँदाखेरि हामीले जब स्वतन्त्र ढङ्गले, नेपालले जब स्वतन्त्र ढङ्गले आफ्ना निर्णयहरू गर्छ तबतब किन नेपाललाई भारतबाट टाढा भएको भएको भन्न खोजिन्छ ? किन चीनतिर ढल्केको भन्न खोजिन्छ ? यसको मतलब हो नेपाललाई सँधैभरि भारतको चङ्गुलमा राख्ने दृष्टिकोण । जहिले पनि नेपाललाई भारतको अधिनस्थ बनाउन खोज्ने दृष्टिकोण हो भनेर किन नभन्ने ? त्यो खालको अभिव्यक्तिलाई यो बाहेक अरु केही भन्न सकिँदैन भन्ने मलाई लाग्छ । राजनीतिक दुर्घटना निम्त्याउने के का निम्ति दुर्घटना निम्त्याउन खोज्दै हुनुहुन्छ ? के भारतसँग जोडिएन नेपाल भनेर ? के भारतको सानो छोटे भाइ बनेन नेपाल भनेर दुर्घटना निम्त्याउन खोज्दै हुनुहुन्छ ? हामीले हाम्रो आफ्नो स्वतन्त्र कानून बनाउन खोज्दादाखेरि मुठभेड हुनु पर्ने कारण के छ ? आधार के छ ? कुनै आधार छैन । कुनै कारण छैन । किन मुठभेड गर्नु पर्‍यो ? मुठभेड गर्नु परे हामीले आफ्नो नेपालले आफ्नो खुट्टामा आफै उभिएर हिड्नु पर्छ भन्दाखेरि मुठभेड गर्नु पर्ने ? त्यसका निम्ति पनि नेपाली हुँ भन्नेहरूले नै अब मुठभेड गराउँछौं, अब आगो लगाउँछौं भनेर भन्नु पर्ने किन हो ? मैले बुझिरहेको छैन । त्यसै गरिकन जहाँसम्म कानूनका सवाल छन् कस्ता

कानून बन्छन् ? अङ्गीकृत नागरिकताका सन्दर्भमा कस्ता कानून हुन्छन् भनेर हेर्ने हो भने भारतीय कानूनलाई म मध्ये नजर लगाउन अनुरोध गर्न चाहन्छु । भारतको नागरिकता कानून त्यहाँको सिटिजन एक्ट जुन १९५५ मा बनेको थियो र २०१९ सम्ममा संशोधन हुँदै आएको छ । त्यसले के भन्छ भने भारतीय नागरिकसँग बिवाह गरेको कुनै पनि व्यक्तिले निरन्तर ७ वर्षसम्म बसोबास गरिसकेपछि नागरिकताका निम्ति आवेदन गर्न सक्ने छ भनेर भन्छ । जब त्यहाँ आवेदन गर्नका निम्ति नै ७ वर्षको प्राबधान छ । हामी पनि ७ वर्षको प्राबधान राख्दैछौँ के भिन्नता भयो ? त्यसै गरिकन अरु मुलुकको हेर्ने हो भने भुटान हाम्रो अर्को छिमेकी भुटानलाई हेर्ने हो भने त्यहाँ १५ वर्षको सेवा गरिसकेको वा १० वर्ष बसोबास गरिसकेको मान्छेले मात्रै त्यहाँको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्दछ । श्रीलङ्कालाई हामीले हेर्‍यौँ भने त्यहाँ ७ वर्ष बसोबास गरिसकेपछि मात्रै अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था छ । माल्दिभ्सलाई हेर्ने हो भने त्यहाँ १२ वर्ष बसिसकेपछि मात्रै अङ्गीकृत नागरिकताको प्रकृया चलाउन सक्ने व्यवस्था छ । युरोप अमेरिकातिर हामी धेरैका सम्बन्धहरू छन् ।

हामीलाई थाहा छ धेरै नेपालीहरू युरोप अमेरिका पुगेपछि कति वर्षमा त्यहाँ स्थायी आवासीय सुविधा पाउनुहुन्छ ? के हामीलाई थाहाँ छैन । ४ वर्ष, ५ वर्ष, ६ वर्ष कति वर्ष लागाइसकेपछि बल्ल त्यहाँ ग्रीन कार्ड भनिने आवासीय अनुमति पत्र प्राप्त गरिन्छ । विभिन्न मुलुकका विभिन्न खालका व्यवस्था रहेका छन् । त्यसैले गर्दाखेरि हामीले के व्यवस्था गर्ने हो ? त्यो हाम्रो स्वतन्त्र मामिला हो । हामीले स्वतन्त्र रूपमा गर्न सक्ने विषय हो । जसरी भारतसँगैका कुरा गर्ने यो कानून बनाएको बापत भारतसँगको सम्बन्ध विच्छेद हुने हो भने यो कानून बनाए बापत अझ बढी विहार र युपीसँगको सम्बन्धको कुरा उठाउनु भएको छ । के विहार र युपीका निम्ति मात्र कानून बनाइएको हो ? हाम्रो कानूनले दुनियाँको कुनै पनि मुलुकबाट संसारको कुनै पनि मुलुकको कुनै पनि महिलाले नेपाली नागारिकसँग बैवाहिक सम्बन्ध कायम गरेको खण्डमा ७ वर्षपछि अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछिन भन्ने व्यवस्थाले के युपी र विहारलाई मात्रै केन्द्रित गर्छ ? के त्यहाँ चाइनिजहरूले बिवाह गरे भने पनि त्यही हुँदैन ? के भुटानिजहरूले बिवाह गरे भने पनि त्यही हुँदैन ? के कुनै यूरेपीयनहरूले बिवाह गरे भने पनि त्यही हुँदैन ? । यदि त्यसो हो भने कसरी भारतलाई मात्रै यसलाई जोडेर हेरिन्छ ? किन हेरिन्छ ? यदि त्यसो हो भने पनि किन यहाँ युपी र बिहारलाई मात्रै जोडेर हेरिन्छ ? यो वास्तवमा आपत्तिजनक दृष्टिकोण हो । त्यसरी हेर्न सक्ने विषय होइन । जहाँसम्म यो अन्य व्यवस्थाको कुरा छ । हामीले जुन स्थायी अनुमति, स्थायी आवासीय अनुमति पत्र दिँदैछौँ । त्यसलाई पनि हामीले भारतको आधार कार्डसँग जोड्न सक्छौँ । भारतमा पनि त्यही गरिएको छ । त्यहाँ बसोबास गर्नेहरूका निम्ति एउटा आधार कार्ड प्रदान गरिन्छ र त्यो आधार कार्ड प्रदान गरेपछि त्यहाँ आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धहरूको उपयोग गर्न पाइन्छ । सांस्कृतिक सम्बन्धहरूको उपयोग गर्न पाइन्छ र राजनीतिक अधिकार प्राप्त गरिँदैन त्यसको उपयोग गर्न पाइँदैन । हाम्रो स्थायी आवासीय अनुमति पत्रले पनि त्यही व्यवस्था गरेको छ भने जुन खालको व्यवस्था हामीले भनिरहेको हाम्रो छिमेकी मुलुकमा छ त्यही खालको व्यवस्था

हामीले गर्दाखेरि हाम्रो त्यस मुलुकसँगको सम्बन्ध कटअफ हुन्छ भन्ने कुरा त्यस मुलुकसँगको हाम्रो सम्बन्ध बिग्रिन्छ भन्ने कुरा हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धकै जग भत्किन्छ भन्ने कुरा सरासर निराधर तर्क हो । कपोकल्पित तर्क हो । यो राजनीतिक एउटा अभिष्टका निम्ति राखिएको तर्क मात्रै हो । यस्ता तर्कको कुनै पनि तुक छैन भन्ने कुरा राख्दै मेरो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रकाश पन्थ समय १२ मिनेट । यसपछि माननीय भगवती न्यौपाने ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, प्रधानमन्त्रीज्यूले केही दिन अगाडि यहीँ हाउसमा पनि भन्नु भएको थियो । अब नेपालमा विस्तारै-विस्तारै यो साउनको अन्तिमसम्ममा कोरोना घट्छ । अनि त्यसपछाडि दशै, तिहार, छठ पर्वतिर अलिकति पिकअप बढ्छ र त्यसपछाडि फेरि फागुनतिर मात्रै यो घट्छ भनेर एक किसिमको प्रक्षेपणहरू गर्नु भएको छ । त्यो राष्ट्रिय सभाको बैठकको रेकर्डमा पनि छ त्यो कुराहरू पनि हामीले हेर्न सक्छौँ । प्रधानमन्त्रीज्यूले यो पनि भन्नु भयो कि नेपालीको प्रतिरोधात्मक क्षमता बलियो छ । यदि सरकारको विश्लेषण निष्कर्ष यही हो भने अबको स्थिति झन भयावह हुने स्थिति हामी देख्न सक्छौं । गत ३ वर्षको आर्थिक सर्वेक्षण रिपोर्टमा पनि मैले पल्टाएर हेरेँ । त्यहाँ स्वास्थ्य सम्बन्धी सूचकहरू रहेछ भनेर मैले हेर्दाखेरि नेपालीको स्वास्थ्य अवस्था अत्यन्त्यै सन्तोषजनक छैन । खराव स्थिति त्यहाँ छँदैछ । WHO लगायत अरु विभिन्न निकायहरूले जारी गरेको अध्ययन गरेको प्रतिवेदनलाई पनि मैले हेर्दाखेरि त्यहाँ पनि बाल मृत्युदरदेखि लिएर मातृमृत्युदरका कुराहरू भोकमरी, कुपोषणका कुराहरू सबै कुरा हेर्‍यो भने अवस्था नेपालको सन्तोषजनक छैन । नेपाल विश्वभरको औषत आयुमा १ सय २४ औं स्थानमा रहेछ । हिमाली जिल्लामा औषत आयु झन योभन्दा पनि खराब कम छ । अब भन्नु होस् कसरी नेपालीको प्रतिरोधात्मक क्षमता कसरी बलियो छ ? कसरी उहाँले त्यो कुराको दाबी गर्नु भयो भन्ने कुरा अहिले जन-जनमा उठिरहेको अवस्था छ । प्रधानमन्त्रीज्यूले कुनै बेला संसदमा कोरोना भाइरस कडा र नरम हुने रहेछ भन्नु भएको थियो । कहिले बेसार, कहिले तातो पानी खाँऊ भन्नुहुन्छ, कहिले हाच्छिउँ, साच्छिउँ गरेर उडाइदिऊँ पनि भन्नु हुन्छ । यसैगरि क्वारेन्टाइनहरूमा अलग-अलग मान्छेका लागि अलग-अलग भान्छा छन् पनि भन्नु हुन्छ । वाथरुम, शौचालय समेत फरक-फरक भएको दावी समेत गर्नु भयो । यस्तो कुरा कसले ब्रिफिङ् गर्छ प्रधानमन्त्रीज्यूलाई ? मुलकमा मुलकका सामु विद्यमान समस्याहरूको यथार्थ चित्रण देखाउनु पर्‍यो उहाँलाई । राम्रा-राम्रा कुराहरू मात्र देखाउने मुलुकमा सबै ठीकठाक भएको कुराहरू मात्रै ब्रिफिङ् गर्ने र प्रधानमन्त्रीलाई भ्रमित पार्नु भएन । प्रधानमन्त्रीज्यूलाई सही सूचना

दिनु पर्‍यो फोटोहरू छ, भिडियोहरू देखाउनु पर्‍यो । प्रधानमन्त्रीज्यू भ्रमित हुनु भयो भने उहाँले स्वयम् आफै भ्रमित हुनु भएपछि फेरि जनतालाई यो मुलुकलाई सबैलाई उहाँले एउटा भ्रमित पर्नेतर्फ पनि उहाँ उन्मुख देखिनु भयो ।

प्रधानमन्त्रीज्यू हामी भन्छौं तपाईं सरकार राम्ररी चलाउनुहोस्, सम्हाल्नुहोस् यसमा हाम्रो कसैको दावी केही पनि छैन । मन्त्रीहरूलाई झन् जिम्मेवार बनाउनुहोस्, सरकारलाई झन् उत्तरदायी बनाउनुहोस् । विज्ञ र चिकित्सकहरूलाई उनीहरूको जे काम हो त्यही काम गर्न दिनुहोस् । विज्ञानले सिद्ध नगरेका कुराहरूलाई भ्रम पालेर तपाईं नबस्नुहोस् । जनताहरूलाई यस्ता भ्रमित कुराहरू बोलेर जनताको जीवनस्तरमा जीवनमा खेलवाड गर्ने पनि नगर्नुस् । यो त अति नै भएन र ? मैले मात्र भनेको हैन मिडियामा हेर्नुस् । जन-जनले प्रश्न गरेका छन् । हाच्छिउँ, साच्छिउँ गरेर कोरोना उड्ने भए लकडाउन किन गरिएको हो ? हाच्छिउँ, साच्छिउँ गरेर उड्ने कोरोनाको नाममा १० अरब किन खर्च गरिएको हो ? स्थानीय तहका जनप्रतिनिधिहरू आज अहिलेसम्म पनि भनिरहेका छन् संघ र प्रदेशले हामीलाई केही सहयोग गर्ने केही कुरा पठाएन । प्रमुख प्रतिपक्षले यस्ता विषयहरूमा कोरोना सुरुवात भएदेखि नै थुप्रै कुराहरू सल्लाह सुझावहरूदेखि लिएर सरकारलाई सकारात्मक रूपमा सहयोग गर्न उभिरहेकै छ । यस्ता विषयहरूलाई समय-समयमा संसद मार्फत् पनि औंला उठाएकै छ । प्रधानमन्त्रीज्यूलाई ज्ञापन पत्रहरू बुझाएर पनि यस्ता कुराहरू सरकारलाई भनेकै छ, मिडियाहरू पनि यस्ता कुराहरू औंल्याएका छन् । धेरै कुराहरू पनि मिडियाका पनि ठीकठाक छन् । प्रधानमन्त्रीज्यूले प्रतिपक्ष र मिडियातर्फ खनिनुभन्दा पनि सम्बन्धित निकाय, विभाग, मन्त्रालयमा के-के काम भएको छ त्यहाँ सोध्नु पर्‍यो, त्यहाँ हेर्नु पर्‍यो, त्यहाँ सोधखोज गर्नु पर्‍यो, किन यस्तो भएको हो ? किन काम प्रभावकारी भएन ? भनेर त्यहाँ पनि सोध्नु पर्‍यो । नियमक निकायहरूलाई काम गर्न सक्ने बनाउनु पर्‍यो । वालुवाटारमा बसेर यो ठीक छ, यो बेठीक छ मात्र भन्नु भएन । यसले गल्ती गर्छ यसले गर्दैन, यसले भ्रष्टचार गर्लाजस्तो छैन भनेर मान्छेका अनुहार हेरेर फैसला गर्नु भएन ।

कोरोनाको कहरमा कोरोनालेभन्दा अरु कारणले धेरै मान्छे मरे । मान्छेहरू ठहरै भए लकडाउनले गर्दाखेरि अकालमा ज्यान गुमाए हिंसा र बलात्कारमा मानिसहरू परिरहेको अवस्था छ । कोरोना महामारीको संघर्षमा प्रतिपक्ष पनि विश्राम लिँदैन र सरकारले पनि विश्रामा लिन पाउँदैन । हाम्रो निरन्तर सुझाव र खबरदारी रहिरहने छ । कोरोना महामारी विरुद्धको संघर्षमा सरकारको अकर्मण्यता र भ्रष्टाचार गैरजिम्मेवारी प्रवृत्तिका विरुद्ध प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसले प्रधानमन्त्रीज्यूलाई विशेष ज्ञापन पत्रहरू बुझाइरहेको नै छ । ज्ञापन पत्र मार्फत् नेपाली काँग्रेसले कोरोना विरुद्धको संघर्षमा समस्त नेपाली जनताको असन्तुष्टि सुझाव र समस्याहरू त्यहाँ छर्लङ्ग स्पष्ट रूपमै प्रस्तुत गरेको छ । सम्माननीय अध्यक्ष महोदय, आरडीटीमा एक पटक पुनः सरकारको र संसदको ध्यान आकर्षण गराउन चाहन्छु कि आरडीटी परीक्षण तत्काल रोकेर पीसीआर परीक्षणको दायरा व्यापक बनाउनु पर्‍यो । स्वास्थ्य सामाग्रीको अपर्याप्त स्थिति

तत्काल अन्त्य गर्नु पर्‍यो । अति आवश्यक सामाग्री स्वास्थ्य सामाग्री तत्काल व्यवस्था गर्नु पर्‍यो । क्वारेन्टाइनमा भएका मृत्युदेखि बलात्कारसम्मका घटनालाई गम्भीरतापूर्वक लिनु पर्‍यो । दोषीलाई हदैसम्मको कारबाही गर्नु पर्‍यो । तत्काल देशव्यापी रूपमा क्वारेन्टाइनहरूलाई मापदण्डयुक्त बनाउनु पर्‍यो । श्रमिक, मजदुर, बेरोजगार, विद्यार्थी अनि अपाङ्ग भएका व्यक्ति एकल महिलाको लागि विशेष राहत प्याकेजहरू ल्याउन व्यवस्था गर्नु पर्‍यो । विदेशमा अप्ठ्यारो परेका नेपालीलाई उद्धार गर्नु पर्‍यो । अत्यन्तै महङ्गो हवाई भाडा फिर्ता लिनु पर्‍यो । खर्च व्यहोर्न नसक्ने स्थितिका श्रमिकहरूलाई निःशुल्क उद्धार गर्नु पर्‍यो । सरकार भएको अनुभूति उनीहरूले पनि गर्न पाउनु पर्‍यो । स्वास्थ्य सामाग्री खरिद लगायत भ्रष्टचारका दोषीहरूलाई कारबाही गर्नु पर्‍यो । यस बीचमा खर्च भयो भनिएका १० अर्बको हिसाब स्पष्ट रूपमा नै सार्वजनिक गर्न आवश्यक छ । लकडाउनका कारण स्कुल, कलेजहरू बन्द भए । ५० लाखभन्दा बढी विद्यार्थीहरूको अहिले पनि मानसिक तनावमा छन् । यस विषयमा गम्भीर राष्ट्रिय विमर्शहरू खै कहाँ छ ? विद्यार्थीहरूले शैक्षिक भविष्य सुरक्षाको लागि विशेष कार्ययोजनाहरू सरकारले अहिलेसम्म पनि ल्याउन सकेन । खालि त्यही एउटा एसएलसीको परीक्षा दिन नपर्ने कुरा मात्रै अगाडि आएको छ ।

कृषि र खेतीपातीको मौसम छ अहिले । अब अहिले उत्पादन गर्न नसके हिउँदमा झन उत्पादन हुने स्थिति छैन । कृषि उत्पादन बृद्धिका लागि आवश्यक मल, बिउ समयमा नै उपलब्ध गराउन पर्‍यो । अहिले मलको हाहाकार भइरहेको अवस्था छ । कृषकहरूका लागि आवश्यक सहयोग प्रोत्साहनका कुराहरू देखिएन । समन्वयको प्रभावकारी वातावरण पनि देखिएन, लकडाउनका कारण साना ठुला उद्योगीहरू, व्यवसायीहरूले आर्थिक चुनौती सामना गरेकै छन् । उद्योग व्यवसायलाई उठाउनेतर्फ सरकारको ध्यान पनि छैन । आवश्यक राहत ल्याउने कुराहरू त्यो हल्ला मात्रै भयो । कर तिर्नका लागि सहुलियतपूर्ण व्यवस्था गर्ने कुरा पनि त्यो व्यवस्था हुन सकिरहेको छैन । औद्योगिक उत्पादनमा सरिक श्रमिकदेखि श्रमजीवि पत्रकारसम्मको रोजगार सुरक्षा गर्नु पर्‍यो । साना ठुला उद्योग धन्दादेखि लिएर मिडिया हाउसहरू पनि उद्योग नै हो तिनीहरूलाई विविध ढङ्गले राहत योजनाहरू ल्याउन आवश्यक देखिन्छ । सरकारलाई महामारीको सङ्कटमा सामना गर्न नेपाली काँग्रेसले निरन्तर खबरदारी र सहयोग गरिरहने कुरा हामीले भनिरहेका नै छौँ । लोकतान्त्रिक गणतन्त्र नेपालमा सरकारसँग विसङ्गती विरुद्ध हामीले शान्तिपूर्ण विरोध गर्ने अवस्था पनि रहेन । सरकारको ध्यान अकार्षण गराउन पाउने सबै नेपालीको हक छँदै छ । त्यो हक समेत हनन् भएको छ । पछिल्लो पटक यसै क्रममा सरकारको अकर्मण्यताका कारण स्व-स्फूर्त सडकमा आएका युवाहरूमाथि धरपकड र दमन गरिएको छ । गृह मन्त्रालयले लोकतान्त्रिक विज्ञप्ती जारी गरेर धम्काइरहेको छ । यो खेदजनक र निन्दनीय छ र संविधान विरोधी पनि छ । जनताले शान्तिपूर्वक भेला हुन र विरोध गर्न पाउने कुरालाई गलत ढङ्गले नसोचियोस्, गलत ढङ्गले नबुझियोस् र गलत ढङ्गले पनि नहेरियोस् । लोकतन्त्र र गणतन्त्रको लागि जेल र वनबास बसेका दुहाइ दिनेहरू नै जनताको शान्तिपूर्वक विरोध गर्न पाउने अधिकारमाथि दमन गर्नु यो राजनीतिक नैतिकता हराएको

अवस्था पनि हो । हामीले नक्सा पारित गर्ने लगायत थुप्रै विषयहरूमा एउटा किसिमको राष्ट्रिय सहमतिहरू गऱ्यौं । हामीले यहीँ बीचमा संविधानमा त्यसलाई हामीले नेपालको लिम्पियाधुरा सहितको चुच्चे नक्सालाई पारित गर्ने पनि हामीले त्यो गरिसक्यौं ।

जब नेपालमा सङ्कट आइपर्छ, जब मुलुकमा राष्ट्रियतामा हामी एकजुट हुने स्थिति आउँछ । तब संविधान निर्माण गर्ने कुरादेखि लिएर अनेकौं ठाउँमा हामी जहिले पनि सँगसँगै एक ठाउँमा उभिरहेका छौं । सबै पोलिटिकल पार्टी एकै ठाउँमा उभिएर एकै ढिक्का भएर मुलुकका हितमा काम गरेका थुप्रै उदाहरणहरू छन् । नक्सा पास गर्ने बेलामा सरकारले एक किसिमको सहमतिको खोजी गऱ्यो त्यसमा सबै दलहरूले साथ, सहयोग, समर्थन गरे तर तत्काले संविधान संसदबाट पारित हुने वित्तिकै त्यो सकिने वित्तिकै फेरि सरकारले र सत्तारुढ दलले त्यो कुरा बिर्सेको छ । यस्था सहमति राष्ट्रियताका विषयहरूलाई फेरि गिजोल्ने गरी अगाडि बढिरहेको स्थिति हामी छर्लङ्गै देख्न सक्छौं । परराष्ट्र मामिला लगायत अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई पनि बिगार्ने गरी कतिपय गतिविधिहरू भएकै छन् । हाम्रो सन्तुलित एउटा परराष्ट्र नीतिमा एक किसिमको खल्बलिएको अवस्था हामी यहाँ पाउन हामीले सक्छौं । मुलुकमा अझै पनि राष्ट्रियताको लागि थुप्रै कुराहरूमा हामी सँगसँगै हिड्नु पर्ने अवस्था छ । सँगसँगै अडिनु पर्ने,उभिनु पर्ने, एक ढिक्का हुनु पर्ने थुप्रै ठाउँहरू छ । ती सबै कुराहरूमा सरकारले बिर्सनु भएन सरकार अझै पनि एक्लै हिड्ने बेला छैन । जुनसुकै Poltical पार्टीको सरकार भए पनि केही वर्ष सँगसँगै हिड्नु पर्ने स्थितिहरू छ । नेपालमा संघीयता मजबुत गर्ने कुरा बाँकी नै छ संघीयताको कार्यान्वयन सफल भइसकेकै छैन । हामी कहाँ संविधानको कार्यान्वयन पनि पूर्ण रूपमा भएकै छैन । संविधानलाई सर्वस्वीकार्य बनाउने कुराहरू अझै बाँकी नै छन् । तमाम् समस्याहरू छन् सिमाना हामीले नक्सा पारित गरेको हो हामीले आफ्नो जग्गा, आफ्नो भूमि प्राप्त गर्ने कामहरू बाँकी नै छ । यी तमाम् कुराहरू बाँकी हुँदाहुँदै हामी फेरि एकतर्फी रूपमा कुद्न सुरु गऱ्यौं । एउटा प्वाइन्टमा लाने त्यो एउटा कागती जस्तो एउटा यसो रस आउने बेलासम्म निचोर्ने त्यसपछि फालिदिने जस्तो सत्तारुढ दलको र सरकारको प्रवृत्ति देखिएको छ । भोलि जहाँ सुकै जतिखेर जहाँ पनि सबै पार्टीहरू काम लाग्न सक्छन् ।

हामी सबै मिलेर नै ल्याएको लोकतन्त्र हो, हामी सबैले सँगसँगै लडेको हो । साझा सहमति दस्तावेज थुप्रै कुराहरू हामीसँग छन् । संविधानहरू पनि हामीसँग संविधान पनि स्वयम् एउटा दस्तावेजको नमुना हो, डकुमेण्ट हो । हामीले त्यतिबेला संविधान बनाउँदै गर्दाखेरि गरेका कतिपय सहमतिहरू संविधानमा कसैको पनि एकतर्फी कुरा छैन । त्यतिबेलाको तत्कालीन माओवादी, त्यसपछि तत्कालीन नेकपा, एमाले, त्यसपछि नेपाली काँग्रेस, मधेसवादी दल लगायत अरु थुप्रै २९/३० वटा पार्टी थियो त्यतिबेला सबैको एउटा सहमतिका रूपमा, छलफलका रूपमा संविधान बनेको थियो । अब अहिले संविधानमा भएका कुराहरूलाई संविधानमा कसैको पनि आफ्नो स्पष्ट मात्रै कुरा नभएको हुनाले त्यो साझा दस्तावेज बीच भएको ती दस्तावेजहरूलाई अहिले भत्काउने खालको कुराहरू पनि हामीले कहीँ कतै कतिपय

विधेयकहरूमा हामी देख्छौँ । यो बीचमा यो २ वर्ष यो साढे २ वर्षको बीचमा आएका कतिपय धेरै विधेयकहरूमा ती सम्झौताहरूलाई, सहमतिहरूलाई भत्काउने गरी संविधानलाई त्यसको स्पिरिटलाई नै मार्ने गरी कतिपय विधेयकहरू हामीकहाँ आएकै छन् । संविधानमा भएका ती स्पिरिटलाई मस्ने तिनीहरूलाई ऐनका रूपमा त्यसलाई परिमार्जन गर्ने कुराहरू कसैलाई पनि त्यो अथोरिटिहरू छैन । जसरी एउटा ऐन बन्दैगर्दाखेरि ऐनमा तोकिए बमोजिम लेखिन्छ । तोकिए बमोजिम भनेको सबै कुरा ऐनमा छ, तर यसको प्रोसिडिएर कुराहरूलाई यसको कार्यविधिहरूलाई मिलाऊँ बाँकी प्रकृया चाहिँ नियमावलीमा राख भनेको जस्तै संविधानमा संघीय कानून बमोजिम हुने भनेको कुराहरू संघीय कानून बनाएर काम गर भनेको कुराहरू संविधानको सारभूत कुरालाई नबिगार, त्यसलाई नमास, तर यसको प्रोसिडियरल (कार्यविधि कानून) बनाएर काम गर भनेको कुरालाई हामीले संविधानकै पनि भाग १, भाग २, भाग ३ थप्दै जाने गरी त्यो प्रवृत्ति यहाँ उन्मुख देखिएको छ । र आज एकल महिला दिवस पनि रहेछ अन्त्यमा शुभकामना दिन चाहन्छु । महिलाहरूमाथि अझै पनि विभेदकारी नीतिहरू छ अझै पनि महिलाहरूको अवस्था सन्तोषजनक छैन । त्यहीमाथि पनि एकल महिलाहरूको अवस्था दयनिय छ । यसमा सरकारले हामी सबैले अझ थुप्रै कामहरू बाँकी छ । यति भन्दै आफ्नो भनाइ अन्त्य गर्दछु । धन्यवाद । जयनेपाल ।

**सम्माननीय अध्यक्षः-** माननीय भगवती न्यौपाने समय ७ मिनेट । यसपछि माननीय शेखर कुमार सिंह ।

**माननीय श्री भगवती न्यौपाने (नेपाली कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, मैले सुरुमा आफ्नो धारणा राख्ने सन्दर्भमा पनि भनेको थिएँ । राष्ट्रिय सभा भनेको प्रबुद्ध वर्गको सभा हो । विज्ञहरूको सभा भनेर परिचित छ । यो मर्यादित सभा भनेर परिचित छ । तर यो राष्ट्रिय सभामा मर्यादित शब्दहरूको प्रयोग गरिन्छ भन्ने मैले बुझेको छु । मैले त्यही धारणा राखेको थिएँ, मलाई त्यस्तै लाग्ने गर्दथ्यो । तर अहिले यहाँका पनि अभिव्यक्तिहरू सुन्दै गर्दाखेरि मर्यादा नाघेर शब्दहरूको प्रयोग गर्ने आरोप लगाउँदाखेरि मित्थ्या आरोपहरू भ्रमपूर्ण आरोपहरू लगाउने त्यो खालको प्रस्तुति सुनिएको छ । अहिलेकै सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी नेकपाको सचिवालयको बैठकले नागरिकताको सन्दर्भमा नागरिकताको विधेयकको सन्दर्भमा एउटा निर्णय यो विषयमा सदन र बाहिर पनि विभिन्न ढङ्गले अभिव्यक्ति दिने कुराहरू हामीले सुनिरहेकै छौँ । यस्तो भ्रमपूर्ण अभिव्यक्ति दिने खालको अवस्थाहरू सिर्जना गरिएको छ । वास्तवमा मलाई सम्झना आउँछ । २४ सालमा भूपी शेरचनले एउटा कविता लेख्नु भएको थियो यो हल्लै-हल्लाको देश हल्लै-हल्लैको देश बनाउन नखोजियोस् । प्रत्येक घरको जगमा खनेर हेर्दाखेरि फगत हल्लाको थुप्रो भेटिन्छ भनेर भने जस्तै, यो हल्लै-हल्लाको

देश बनाउन नखोजियोस् कहिले हल्लै-हल्ला फेसबुक सामाजिक सञ्जालमा हल्ला गर्न खोजिन्छ झुटो हल्ला ट्वीटरहरूमा हल्ला गर्न खोजिन्छ र कहिले सदनहरूमा समेत झुटो खालको प्रचार गर्न खोजिन्छ झुटा अभिव्यक्तिहरू दिन खोजिन्छ मित्थ्या आरोपहरू लगाइन्छ । त्यसैले म ध्यान आकर्षण गराउन चाहन्छु । मेरा केही गम्भीर प्रश्नहरू छन् म आपत्ति पनि प्रकट गर्न चाहन्छु । यही सदनमा पनि त्यस्तो यो नागरिकता विधेयकको सन्दर्भमा त्यस्ता आपत्तिजनक कुराहरू उठे । जो मधेस विरोधीको आरोप नेपाल कम्युनिष्ट पार्टी, नेकपालाई मधेस विरोधीको आरोप लगाइयो भारत विरोधी भनेर आरोप लगाइयो त्यस्तै गरेर पार्टीहरू विरोधी, नेपाली काँग्रेस, संघीय समाजवादी फोरम लगायतका अरु पार्टीहरू विरोधी हो । नेपाल कम्युनिष्ट पार्टीले गरेको निर्णय अरु पार्टीहरूको विरुद्धमा छ भन्ने जस्ता आरोपहरू लगाइयो । यो बहुमतको दम्भ दुई तिहाइ बहुमतको दम्भ भन्ने आरोप लगाइयो र म यो सबै आरोपहरूप्रति म गम्भीर रूपमा प्रश्न गर्न चाहन्छु । वास्तवमा दुई तिहाइ बहुमतको दम्भ भन्ने एक पटक मात्रै होइन । मैले धेरै पटक सुन्ने गरेको छु । फ्रिक्वैन्ट्ली त्यो कुरा सुन्ने गरेको छु । म अनुरोध गर्न चाहन्छु । म प्रश्न पनि गर्न चाहन्छु । निर्वाचन केका निम्ति हुने गर्दछ । हामीले निर्वाचनमा भोट माग्दा पनि भनेका थियौं । यो देशलाई अस्थिरताबाट मुक्त गर्नको निम्ति । अराजकताबाट मुक्त गर्नका निम्ति अनिर्णयको बन्दी सधै बनाइराख्न सकिँदैन । त्यसैले निर्णय गर्नका निम्ति पनि बहुमत दिनुहोस् । हामी सबैले भोट माग्दाखेरि भनेका थियौं । नेपाल कम्युनिष्ट पार्टी नेकपाले बहुमत प्राप्त गर्‍यो । मुलुक सँधै अनिर्णयको बन्दी हुन सक्दैन । हरेक विषयमा निर्णय गर्दाखेरि सकेसम्म सर्वसम्मत हुन कोशिस गर्छ, कोशिस हुन्छ । सर्वसम्मत निर्णय गर्नका लागि कोशिस गरिन्छ । यदि सर्वसम्मत भएन भने बहुमतले निर्णय गर्दछ । यो लोकतन्त्रको सुन्दर पक्ष हो । त्यसैले यस्तो अलोकतान्त्रिक कुरा गरेर सँधै-सँधै चाहिँ एउटा आरोप लगाउने कुरा वास्तवमा यो अत्यन्तै नाजायज छ । अत्यन्तै बेठिक छ ।

जहाँसम्म नागरिकताको विषयमा चर्चा चलाइयो । यो एउटा राष्ट्रियताको विषयमा । राष्ट्रियताको सवाल हो । यो अत्यन्तै संवेदनशील सवाल हो । नागरिकताको सवाल भनेको । यद्यपि प्रतिनिधिसभामा एउटा समितिले प्रतिवेदन तय गरेको छ । यो विषयमा छलफल होला । नेपाल कम्युनिष्ट पार्टी नेकपाले एउटा निर्णय गरेको छ नागरिकताको विषय । हामीले विगतमा नेपाल विगतमा धेरै गल्ती भयो । धेरै कमजोरी भयो नागरिकता वितरण गर्ने सन्दर्भमा । लाखौं विदेशीले सजिलैसँग अङ्गीकृत नागरिकता प्राप्त गर्ने खालको स्थिति बन्यो । त्यसैले अबदेखि नागरिकता वितरण गर्ने सन्दर्भमा त्यस्तो कमजोरी नेपालले गर्न हुँदैन । यो राष्ट्रिय संवेदनशीलतासँग जोडिएको विषय हो । हामीले अन्तर्राष्ट्रिय प्राक्टिसलाई पनि हेरेका छौं । विभिन्न देशका अभ्यासलाई पनि हेरेका छौं । कुनै देशहरूले नागरिकता दिँदैन, कुनै देशहरूले दिन्छन् । दिने देशहरूले पनि निश्चित मापदण्ड बनाएर नागरिकता दिने गर्दछन् । त्यसैले गर्दाखेरि नेपालमा पनि निश्चित मापदण्ड तय गर्ने कुरा यो बेठीक होइन । हामीलाई अधिकार छ । हाम्रो देशको कानून संशोधन गर्ने अधिकार छ । यो भारत विरोधी भनिरहँदाखेरि म प्रश्न गर्न चाहन्छु । के यो भारतको हकमा मात्रै यस्तो खालको मापदण्ड बनाइएको हो ? के भारतको

छोरी नेपालको पुरुषसँग विवाह गर्नको लाीग मात्रै नेपालको बुहारी भएर आउनेका लागि मात्रै यो मापदण्ड बनाइएको हो ? यो अरु देशसँगको मापदण्ड हो कि होइन ? विदेशी महिला, विदेशमा जन्मिएको महिला नेपालको पुरुषसँग विवाह गर्ने महिलाको हकमा भनेर बनाउन खोजिएको मापदण्डलाई त्यही अनुसार संशोधन गर्न खोजिएकोलाई यो भारतसँग मात्रै जोडेर जुन ढङ्गले प्रचार गरिएको छ । यो बेठीक छ । त्यसैले गर्दाखेरि हामी भारतसँग मित्रवत सम्बन्ध राख्न चाहन्छौं । हामी चीनसँग मित्रवत सम्बन्ध राख्न चाहन्छौं । यो चीनतिर ढल्कियो नेपाल कम्युनिष्ट पार्टी भनेर जुन ढङ्गले भनियो । हामी कुनै एउटा देशसँग मात्रै ढल्किनेभन्दा पनि हामी नेपाल तिरै ढल्किन चाहन्छौं । विदेशीहरूले हेपेको, यद्यपि भारतले हेपेको या कुनै पनि देशले कुनै पनि छिमेकीले हेपेको सहन हामीलाई गाह्रो हुन्छ । त्यसैले यस्ता विषयमा बोल्दाखेरि, अभिव्यक्ति दिँदाखेरि आफ्नो राष्ट्रियतालाई अहितमा हुने गरी, देशको अहितमा हुने गरी अभिव्यक्ति दिनु जायज छैन । यो हिन ग्रन्थी राख्न उचित छैन । म अनुरोध गर्न चाहन्छु । त्यसै गरेर मधेश विरोधी यो कसरी हुनसक्छ ? कसरी मधेसी जनताको अहितमा हुनसक्छ ? म यो पनि प्रश्न गर्न चाहन्छु । त्यसैले हामीले देख्यौं विगतमा जो हामीले अङ्गीकृत नागरिकता लिनेहरूलाई नेपालको सदनसम्म पुऱ्याउने राजकीय भूमिकासम्म पुऱ्याउने अवस्था जुन सिर्जना भयो । यसले अभिव्यक्तिहरू कसरी अभिव्यक्ति प्रकट हुने गर्दछ भन्ने कुरा समेत हामीले देख्यौं, सुन्यौं । हामीले बुझ्यौं । त्यसैले यस्ता कुरालाई समेत हेक्का गर्नु पर्ने रहेछ भन्ने कुरा हामीले बुझेका छौं । त्यसैले यस्ता संवेदनशील विषयमा राष्ट्रियता विपरीत कुरा गर्ने देशका अहितमा गर्ने कुरा नाजायज छ । म त्यसतर्फ चाहिँ ध्यानाकर्षण गराउन चाहन्छु र म प्रश्न गर्न पनि चाहन्छु । यस्ता खालका अभिव्यक्ति यो वास्तवमा एउटा परिपक्व अभिव्यक्ति पनि होइन । त्यस कारण म फेरि पनि अनुरोध गरेर भन्न चाहन्छु यो देशलाई हल्लै-हल्लाको देश नबनाइयोस् । नेपाली कांग्रेस जो आफूलाई लोकतन्त्रप्रति विश्वास गर्ने पार्टी हो भनिन्छ । मिडियाले लेखेको भनेर चाहिँ मिडियाले लेख्यो, सामाजिक सञ्जालमा आयो भन्ने कुरालाई आधार बनाएर विरोध गरिन्छ । पूर्वाग्रह राखेर विरोध गरिन्छ । प्रधानमन्त्रीले दिएको अभिव्यक्ति जो विज्ञानसम्मत जो चिकित्सा विज्ञानले पुष्टि गरेका कुरा.........(समय सकिएको हुँदा माइक काटिएको) ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय शेखर कुमार सिंह समय १० मिनेट । यसपछि माननीय रामनारायण विडारी ।

**<u>माननीय श्री शेखर कुमार सिंह (राष्ट्रिय जनता पार्टी नेपाल):</u>**- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम मैले हिजो नसकेका कुरालाई सम्माननीयज्यूले पुनः याद राखेर समय दिनु भयो त्यसकारण धेरै-धेरै धन्यवाद । सम्माननीय अध्यक्ष महोदय, म अगाडि पनि यसै सदनबाट सम्माननीयज्यूकै मार्फत्बाट जलस्रोत मन्त्रीज्यूलाई मैले आग्रह गरेको थिएँ । हामी त्यो भागमा

बस्दछौँ जहाँ हाम्रो रक्षा अहिले पनि बेलका प्रकृति मोजले कोशीबाट गरिरहेका छौँ । नभए आज यो सप्तकोशी महारानी कहाँ पुग्नु हुन्थ्यो त्यसको ठेगान छैन । लगभग ६० वर्ष भइसक्यो सप्तरीको पत्थरीसम्म मात्रै बाँध पुगेको छ पश्चिमी तटबन्ध । त्यहाँदेखि एस्फर बनाइएको छ बेलकासम्म बाँध बनाइएको छैन । कहिले बन्ला त ? यसको कन्ट्रोल पार्ट त जलस्रोत मन्त्रीजी नै हुनुहुन्छ । जलस्रोत मन्त्रीजीले त्यहाँ गएर स्थलगत निरीक्षण गरेर सम्माननीय अध्यक्षजीलाई समेत आग्रह गर्दछु । त्यो स्थललाई पनि एक पल्ट नजर गरिदिएदेखि मैले बोलेको कुरा के रहेछ भन्ने कुरा प्रमाणित हुन्छ । यस्ता संवेदनशील कुराहरू पनि हामी उठाउँदाखेरि मन्त्रालयहरूको ध्यान पुगेनछ यसमा मलाई असाध्यै चोट लागेको छ । त्यसमा यथाशीघ्र ध्यान दिएर उहाँले पक्कै कन्ट्रोलपार्टसँग कुरा गर्नु पर्छ र अगाडि उठाएका कुरा उहाँले कन्ट्रोल पार्टसँग कुरा गर्दा व्यारेजदेखि दक्षिण पार्टमा युद्धस्तरमा यसले काम चलिराखेको छ । त्यसमा पनि म धन्यवाद दिन चाहन्छु । सँगै यो गम्भीरताले पनि उहाँले आफ्नो कन्ट्रोल पार्टसँग कुरा गरेर गराइदिनु हुन्छ भने म विश्वस्त पनि छु । गङ्गाजली खोलाको विष्णु बाँध हिजो पनि मैले भनेको थिएँ । हिजोसम्म त लगभग ६० फिटसम्म गएको थियो आज राती त उसले डेढ सय फिट नाघिसकेको छ ।

यस्तो खहरे खोला हो जसको ठेगान नै हुदैन माननीयजी । त्यसकारणले उहाँहरूको इमर्जेन्सी पनि हुन्छ रे इमर्जेन्सी पारामा हो कि जे पारामा हो त्यसको नियन्त्रण यथासीघ्र गर्नु पर्छ । सप्तकोशीको नरहाबाँधको अवस्था पनि त्यही छ हामी योजनामा ल्यायौँ, बजेटमा व्यवस्थापन गर्‍यौँ । खोई अहिलेसम्म संरक्षणको काम सुरु भएको छैन । हामी त्यही भेगका मान्छे हौँ । त्यसैकारणले पटक-पटक त्यहाँका मान्छेहरू मलाई झस्काइराखेका छन् । वन सम्बन्धी सम्माननीयज्यू एउटा छोटो पाटो रह्यो । एउटा त हात्ती थियो अर्को सप्तकोशीमा नै जोडेर कोशी टप्पु वन्यजन्तु आरक्ष हामी बनायौँ । त्यो आरक्षमा संसारकै दुर्लभ वस्तु भन्ने वाटर बफेल्लो थियो । त्यो वाटर बफेल्लो अहिले मिश्रित भएर गन्नाको रूपमा बाँकी होला । अहिले धान पात लागिरहेको छैन, केही-केही ठाउँमा भदे र मरुवा छ । रातीमा पनि ओद्राहा भन्ने ठाउँमा डेढ सयदेखि बढ्ता भैसीहरू आएर सबै किसानको समाप्त पारेर गएको छ । यसलाई कसले हेर्ने ? उहाँले फिनिसिङ्ग गर्नुको नाममा कहिले काहीँ ५० मिटर त कहिले २ सय मिटर गर्नु पर्ने भएको छ कोशी टप्पुबाट तर त्यही हो उसको व्यवस्था ? हाम्रो यस्तो बेलामा अरुसँग खेलवाड नहोस् हाम्रो जिउ ज्यान थेग्ने ती अन्न हुन्छ । त्यसमा म सम्बन्धित मन्त्रालयदेखि लिएर सम्बन्धित विभागलाई पनि म ध्यान आकर्षण गराउन चाहन्छु । यता त्यो विषयलाई हामी भन्दाभन्दै अस्ति पनि मैले माननीय शिक्षा मन्त्रीज्यूलाई एउटा आग्रह गरेको थिएँ । संस्कृत विद्यापीठको बारेमा म आज पनि भन्न चाहन्छु । एउटा तिलाठी कोइलारी गाउँपालिकाको १ नं. वार्डमा ६०/७० वर्ष पुरानो संस्कृत विद्यापीठ त्यसै परिराखेको छ, सञ्चालनमा नै छैन । एउटा छिन्नमस्तामा छ जो संस्कृत विद्यापीठ थियो त्यो को-एजुकेसनमा सरेर गइसक्यो । त्यसैकारणले भारदह र तिलाठीको संस्कृत विद्यापीठ प्राथमासम्मको पढाई सुरु गर्नलाई सरकारले पनि धेरै आर्थिक बोझ पनि हुँदैन र उहाँहरूले सुरु गराइदिनु हुन्छ भन्ने म

आशा पनि राखेको छु । पुनः यसलाई यादास्तको रूपमा मैले भन्न पनि आज चाहें । सँगै सम्माननीय अध्यक्षजी हामी धेरै हर्षित र खुसी भएका थियौं मधेसवासीहरू किन जग्गा जे होस् तर बाटोहरू त धेरै बन्दैछ । भोलि त उब्जनी यो जग्गा कति रहला र ? त्यसैले समयले बताउँला । अहिले पनि हुलाकी सडक जो बनेको छ सम्माननीयज्यू । त्यसको जो कल्भटहरू पनि बनेको छ । पशुजन्यलाई त्यति सेन्स त हुँदैन ।

म यो बाटो नछिरौं, छिरेपछि विचाराहरू फर्कन सक्दैनन् । त्यसैमा ज्यान गुमाउन बाध्यता हुन्छ । त्यो कल्भटहरूले अलिकति चौढाइ गरिदिएको भए के हुने थियो त ? पहिला त चौढाइ नै थियो । अझ त्यसै यस खेलमा उहाँहरूले कल्भट हालिदिएर जानु भएको छ । नदीहरूको बारेमा हामीले कुरा गर्दाखेरि हामी त नयाँ प्रविधिबाट बनाएको छु हामी त प्राविधिक होइन । यसले सस्टेन गर्छ भनेर पनि भन्नु भएको हो उहाँहरूले होला हामी विश्वास पनि गरेका छौं । तर जुन माटोले पुरेर त्यो बाटो बनिराखेको छ त्यो माटोले थेग्ला त त्यो बाटोलाई ? त्यो पनि जाँच होस् । त्यो पनि क्वालिटी टेष्ट होस् । त्यो माटो हो बालुवा माटो हो । एकातिर हाम्रो अनुदान पनि जाने, एकतिर हाम्रा जग्गा पनि जाने, एकतिर त्यस्तै बालुवा माटोले पुरेर बनाएको बाटो कति दिनसम्म जाला सम्माननीयजी ? यसलाई म अलिकति यसलाई विरोध नमानीकन सबै हामी नेपाली दाजुभाइकै सम्पत्ति हो । यसलाई स्वीकार गरेर अहिले नै बेला हो क्वालिटी टेष्ट गराएर अग्रीम कारबाही गरे हुने थियो । नत्र हतारमा त्यसमा गिटी छाप्यो र सुरु गऱ्यो र फेरि बाटो खुल्दाखेरि तिनै हुन् । आज भोलिको अवस्था हुन त २ नं. प्रदेशमा नै छ हाम्रो राजविराजबाट भारदहको दुरी मात्र १८ किलोमिटर । राजविराज भारदह सडकमा पीठहोल भन्ने एउटा चलन हुन्छ सडकमा मुस्किलले सय वटा पीठहोल छैन । अहिले मर्मत गरिदिएको भए सानो रकममा मर्मत् भएर अब आजको युगमा युवाहरूको यौवनसँगै जोडेर मोटरसाइकलहरू आइराखेको छ । एकदिन विराएर एकदिन एउटा न एउटा कतै न कतै एक्सिडेन्टहरू सुन्न पाएको छ । त्यसलाई उहाले गरिदिएदेखि त राम्रो हुने थियो । हुन त २ नं. प्रदेशमै त्यस्तै पीठहोलहरू छ । पीठहोल रिपियर गरिदिए त बाटो त चलिन्थ्यो नि त्यसमा पनि म ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय महोदय, अबको बेलामा पनि यत्रो मिहेनत गरेर किसानहरूले खेतीमा लागे आज पनि युरिया छैन । २ नं. प्रदेशमा नै छैन मैले विहान सबै जिल्लामा बुझिहाले युरिया नै छैन । हामीलाई बानी के बसिसकेको छ डिएपी मा मात्रै युरिया पनि हाल्नै पर्छ तल । पुरानो यो थियो मलखाद हाल्ने बानी त्यो गइसक्यो अब युरिया नभएर खेती कसरी हुने भन्नेमा हामी यहाँ चिन्तित भइसकेका छौं । हामी पनि एउटा किसान नै छौं सम्माननीय अध्यक्ष महोदय । यस्तै किसान सबै छन् र विदेशबाट फर्केका दाजुभाइहरू उनीहरूको पनि प्रथम किसानमा नै जानु हुन्छ उहाँहरूको सञ्चित व्यवस्था होस् र हिजो पनि म तिलाठीको बाँधको लागि मुआब्जाको रकम मागेको थिएँ । त्यसमा यथशीघ्र व्यवस्था होस् भन्दै म आफ्नो भनाइ यहीं समाप्त गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामनारायण विडारी समय १० मिनेट ।

**माननीय श्री रामनारायण विडारी (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, आन्तरिक राष्ट्रवाद कमजोर भयो कसले गरेको ? राष्ट्रवाद कमजोर पार्ने काम सदनमा नै आएर उफ्री-उफ्री राष्ट्रको विरुद्धमा जातीय सम्प्रदाको पक्षमा, क्षेत्रीय सम्प्रदाको पक्षमा बोल्न थालेपछि कमजोर बनाउने काम आफैले थालेपछि कमजोर हुने सम्भावना हुन्छ । त्यसकारण म ध्यान आकर्षण गराउन चाहन्छु । सांस्कृतिकमाथि प्रहार भयो के संस्कृति ? मिथिला संस्कृति, तामाङ्ग संस्कृति, कोचिला संस्कृति विभिन्न प्रकारका जनजातिको संस्कृति, शेर्पा संस्कृति कहाँ प्रहार भयो ? कसरी प्रहार भयो ? गरो कसले प्रहार भने त्यहाँ हामी खप्दैनौं । त्यसकारणले झुटा कुरा मनगणन्ते कुरा, बेइमानी कुरा ड्याङ-ड्याङ् भन्ने सदनमा भ्रम पार्ने गरी, बेइमानी गर्ने गरी, जनता उचाल्ने गरी, जनतालाई भ्रम फैलाउने गरी गर्नु भएन नि अध्यक्ष महोदय । यो त संवेदनशील कुरा छ । भारतको सम्बन्ध विगार्ने, चीनको झोला बोक्ने अथवा झोला मा पर्ने इत्यादि कुरा सदन या भाषा सदनमा बोल्ने कुरा हो ? यदि कसैले त्यस्तो बोल्यो भने तपाईं कुन देशको झोले हो नि भन्यो भने के गर्ने ? तपाईंले कतापट्टिबाट बोल्नु भयो भने के गर्ने ? त्यसकारणले हामीले प्रष्टसँग काम गर्न सक्नु पर्‍यो अध्यक्ष महोदय । छिमेकी २ वटै हाम्रा छिमेकी विशाल चीन र विशाल भारत २ वटै हाम्रा छिमेकी उनीहरूसँग हाम्रो समदुरीको सम्बन्ध अनि हामीले शासन गर्ने तरिका चाहिँ ठ्याक्कै हाम्रो शासन गर्ने तरिका चाहिँ हाम्रो संविधान अनुसार हाम्रो संविधान, हाम्रो परराष्ट्र नीति पञ्चशीलको सिद्धान्त समेतलाई विचार गर्नु पर्‍यो । त्यसैले मैले राष्ट्र र राष्ट्रहितका बारेमा जब बोल्नु पर्छ त्यसपछि संवेदनशील हुनु पर्छ अध्यक्ष महोदय ।

भारतीय नागरिकलाई मात्रै लागू हुने गरी सदनले ऐन बनाएको हो ? यही हो त उहाँको कुरा ? यस्तो होइन । संसारभरबाट नेपालका ठिटाहरूले विदेशका ठिटीहरूलाई विवाह गर्न सक्छन् त्यो छुट छ । कसैलाई रोकतोक छैन । त्यसकारणले, त्यसप्रकारले भारतीय नागरिकहरूलाई मात्र लागू हुने कुरा होइन । विगतका वितरण गरिएका नागरिकताको बारेमा पनि यो ऐन बनाएको होइन । संसारमा सार्वभौम राष्ट्रले नागरिकता सम्बन्धी आफ्नै प्रकारको नीति ल्याउँछ । हाम्रो देश सार्वभौमसत्ता सम्पन्न राष्ट्र होइन कि भन्ने लाग्यो कि कसैलाई उतैपट्टि ढल्क्यो कि भन्ने । त्यसकारणले आर्थिक, सामाजिक, सांस्कतिक अधिकार सहितका हामी नागरिकताको बारेमा बोलिराखेका छौं । दक्षिण एसियामा कुनै पनि देश छैन अध्यक्ष महोदय, त्यस्तो जहाँ निसर्त ड्याम्म विवाह गर्‍यो ठ्याक्क नागरिक भयो ठ्याक्क सांसद भयो ट्याक्क मन्त्री भयो यस्तो छैन । दक्षिण एसियामा नै छैन । कहीँ पनि छैन । उहाँ चाहिँ पृथ्वीभन्दा बाहिरको मान्छे हो त ? अनि वेलायतमा सर्त सहित मात्रै अङ्गीकृत नागरिकता लिने व्यवस्था

छ त्यहाँको कानून अनुसार । ३ वर्ष अनिवार्य बस्नै पर्छ । अङ्ग्रेजी भाषा बोल्न, पढ्न, लेख्न जान्नै पर्छ त्यहाँको धर्म संस्कृति रीतिरिवाज स्वीकार गर्दछु भनेर स्वाँइ-स्वाँइ सही गरेपछि मात्रै अनि दिन्छ । यति कुरा थाहा छैन उहाँलाई ? यति कुरा भन्नेलाई थाहा छैन ? त्यसो भएको हुनाले दक्षिण एसियाका कुरादेखि लिएर युरोपका कुरासम्म भनेँ अमेरिकामा पनि त्यही हो । विगतदेखि भएका विगतका कुरा विगतदेखि भइरहेको, उहिलेदेखि भइरहेको भनेर भने उहिलेदेखि भइरहेको भए पञ्चायत किन बदलेको त ? उहिलेदेखि भइराहेको थियो त ? ३० वर्ष, १०४ वर्ष राणाशासन किन बदलेको ? विगतको जहानिय शासन थियो अध्यक्ष महोदय, विगतमा निदर्लीय व्यवस्था थियो । विगतमा सङ्क्रमणकालीन शासन थियो, विगतमा केन्द्रीय शासन थियो, विगतमा राजतन्त्रात्मक शासन थियो । त्यसले त्यस्तै जान्यो त्यस्तै गऱ्यो, त्यस्तै लम्पसार पऱ्यो । यसको निरन्तरता दिने होइन । अब एकताका त कस्तो पनि थियो भने इतिहासमा भारतको मान्छे नेपालको राजाको सचिव हुने । राजाको दरवारबाट ट्याक्क भारतको मान्छे बस्ने त्यही कायम गर्ने अहिले पनि ? एकताका कस्तोसम्म थियो भने उहाँको पार्टी छ नि अहिले जुन पार्टीमा हुनुहुन्छ त्यो पार्टी नेपालको मान्छे नेपालको प्रधानमन्त्री भयो अध्यक्ष महोदय । त्यो भारतीय काँग्रेसको पनि सदस्य थियो । भारतीय काँग्रेस पार्टीको सदस्य नेपालको पनि प्रधानमन्त्री यस्तो पनि भयो । यो मैले बनाएको होइन । इतिहास हो यो त्यसकारण पुरानो कुरा गए राजा भागेर शरण लिन गए भारतमा अब त्यसो गर्न हुन्छ ? अब त्यही गर्ने ? त्यसकारणले हामी संसारसँग समान छौँ सार्वभौम सत्ता प्रयोग गर्न हामी सक्षम छौँ । हामी UNA को सदस्य बनेका छौँ । देशमा गणतन्त्र आएको छ । लोकतन्त्र आएको छ ।

त्यसकारणले अध्यक्ष महोदय, यस्तो कुरा गर्न संसदमा गरिमामय संसदमा सुहाउँदैन अध्यक्ष महोदय । कुनै पनि नेपाली नागरिकलाई विवाह गर्न रोकेको छ ? छ भने भन्नु पऱ्यो ? कहाँ रोकेको छ ? छैन । विदेशीसँग विवाह गर्न पाइन्छ, मजाले गर्नुस्, केको भारतसँग नि क्यानाडा गएर नि गर्नु । त्यो पनि नेपालले दिन्छ, अमेरिका गएर गर्नु त्यो पनि दिन्छ । अब हामी धेरै सरिताहरू चाँडै अङ्गीकृत बनाएर देशमा मन्त्री बनाउने, संसद बनाउने मेलोमा छैनौँ यति कुरा ढुक्कसँग जान्नु है जान्नु पऱ्यो । त्यसैले सीमा अवधि नियमित गर्छौं २ देश अलग-अलग हो । २ देशको मित्रतालाई सुदृढ गर्दछौँ । तर खुला सिमाना राख्न दिँदैनौँ । अन्तर्राष्ट्रिय मान्यता अनुसार गर्छौं । खुला नागरिकता, लापरबाहीपूर्ण सम्झौता, अघि भर्खरै माननीयले भन्नु भयो कोशी नदीले गर्दा धुरुधुरु रुनु परेको छ । उहाँलाई तराईका जनतालाई त्यस्तो असमान ढङ्गले आपत परिराखेको छ । त्यसकारणले पेरोलमा बसेका मान्छेहरूले जे भन्दछन् त्यही कुरा हामीले गर्नु हुँदैन । ती पेरोलवालाले आफ्ना तलब पचाउनका निम्ति अनेक कुरा गर्छन् । त्यसकारण संसदले अब विचार गर्नु पऱ्यो । अबको नेपाल आधुनिक नेपाल, लोकतान्त्रि नेपाल, स्वाभिमानी नेपाल, राष्ट्र र राष्ट्रहितमा गम्भीर भएको नेपाल हामी चीनको मोडेलमा जाँदैनौँ । हामी भारतको मोडेलमा पनि जाँदैनौँ, हामी अमेरिकी मोडेलमा पनि जाँदैनौँ । हामी नेपाली हौँ, नेपाली गर्वसाथ हामी नेपालको संविधान अनुसार हामीले नेपालीको मोडेल अनुसार संविधान बनाएका छौँ त्यसैमा जान्छौँ । मधेसका जनताहरूलाई उकास्ने, मधेसका ती डोमहरू, मधेसका

ती मुसहरहरू, मधेसका ती श्रमिकहरू, मधेसका ती गरिबहरू, मधेसका ती किसानहरू, ती मधेसका ती हलियाहरू, तिनीहरूलाई झुक्काएर, तिनीहरूलाई लटरपटर पारेर त्यहाँका शोषक र साभ्रान्तहरू राजनीतिमा आएर त्यसप्रकारको काम गर्न हुँदैन । वास्तविक नेपाली ती मधेसका ती श्रमिकहरू हुन् । जसले सीमा रक्षा गरिरहेका छन् तसर्थ मधेसका नारी उत्थानका निम्ति यो नागरिकता विधेयक ल्याएको हो । मधेसका नारीलाई होच्याएर विदेशबाट नारीहरू ल्याएर अनि तिनीहरूलाई फटाफट नेता बनाएर अनि त्यसलाई मन्त्री बनाएर हिड्ने । अब बंशज मधेसी नारीहरूको संरक्षण गर्ने, अब बंशज मधेसी किसानहरूको संरक्षण गर्ने यसको चिन्ता त्यहाँका सम्भ्रान्त वर्ग र तिनका नेतालाई छैन । ती त मन्त्री हुन आएका, मन्त्री हुन्छन् मधेसको हित गर्दैनन् । अन्त-अन्त चाकडी गर्छन् मन्त्री रिटायर्ड हुन्छन् खुरुक्क घर जान्छन् । त्यसैले मधेसमा विकास हुन सकेन । भारत र चीन दुबैमा दोहोरो नागरिकता छैन । नेपालमा पनि दोहोरो नागरिकताको व्यवस्था गरेको छैन ।

भारतकी छोरी दिन्न भनेर पिर पऱ्यो भनेर एकजनाले तलतिर बोलेछन् । अब भारतले हामीलाई छोरी दिन्नँ भनेर रोएछन् बा । भारतले छोरी नदिए नेपाली छोरी नेपाल छोरोसँग विवाह गर्दछ । यति कुरा बुझ्न सकिन्न । नारा लगाउनेले बुहारीसँग किन डराएको भनेर नारा लगाउनेले हाम्रा छोरीलाई किन हेपाएको ? भारतमा नगएर किन पन्छाएको ? भारतमा नगएर किन दासी कमारी बनाएको भनेर नारा लगाउन मिल्दैन ? छोरी ज्वाँइलाई दिने हो कि सांसद र मन्त्री बनाउन दिने हो ? त्यसकारणले यता पनि विचार गर्नु पर्छ अध्यक्ष महोदय । त्यसैले अब कानूनी प्रश्न छ एउटा प्रतिनिधि सभामा विचाराधीन भएको यो विषय राष्ट्रिय सभामा अनावश्यक रूपमा फ्याउँ-फ्याउँ गरेर बोल्न पर्ने भयो । यो त प्रतिनिधि सभाको समितिमा छ, प्रतिनिधि सभाले निर्णय गर्छ र राष्ट्रिय सभा आउँछ त्यो बेलामा बोलेको भए पनि हुने थियो नि । कत्रो हतार, कत्रो बेइमानी, कत्रो डर कत्रो त्रास त्यसकारणले त्यतापट्टि पनि ध्यान आकर्षण गर्नु पर्ने हुन्छ । अब दोस्रो विषय छ, हाम्रो संविधानको धारा १०५ ले अदालतमा चलिरहेको मुद्दाको बारेमा संसदमा छलफल गर्नु हुँदैन । त्यसलाई प्रभाव पार्ने गरी बोल्नु हुँदैन । त्यसलाई उल्टोपाल्टो पार्ने गरी केही कुरा गर्न हुँदैन भनेर किटान साथ लेखेको छ । प्रमाणलाई उलटपुलट पार्ने, चाहे त्यो सप्तरीको घटना होस्, चाहे त्यो रुकुमको घटना होस्, चाहे त्यो महाकालीको घटना होस् संविधानले प्रष्ट रूपमा लेखेको छ । संसदमा अदालतभित्र भएको विचारधीन विषय छलफल हुँदैन । यसमा सम्माननीय अध्यक्षबाट रुलिङ् हुनु पऱ्यो अध्यक्ष महोदय । त्यसकारणले कति बोल्ने ? कहाँ बोल्ने ? कहिले बोल्ने ? कसले बोल्ने ? किन बोल्ने ? भन्ने कुराको निर्क्योल हुनु पऱ्यो । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय संस्कृति, पर्यटन र नागरिक

उड्डयन मन्त्री योगेश कुमार भट्टराईलाई “प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउछु ।

**माननीय संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्री श्री योगेश कुमार भट्टराईः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले “प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म “प्रतिलिपि अधिकार पहिलो संशोधन विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्तावलाई निणर्याथ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ, “प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु । माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या २ मा रहेका विषयहरू कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ साल असार ११ गते दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७७ साल असार ११ गते दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो । )

**अन्त्यः-मध्याह्न १२:१६ बजे ।**